# Press Release

मिति २०७६।०२।१६ गते।

## ५ नं. प्रदेश प्रहरी कार्यालय तुलसीपुर दाङ

### लागु औषध बुलेटिन बिमोचन कार्यक्रम सम्पन्न:

आज मिति २०७६।०२।१६ गते दिउँसो १५:०० बजे देखि ऐ.१७:०० बजे सम्म जिल्ला बाँके कोहलपुर नगरपालिका वडा नं. ११ स्थित कोहलपुर पार्टी प्यालेसमा ५ नं. प्रदेश प्रहरी कार्यालय तुलसीपुर दाङको आयोजनामा जिल्ला प्रशासन कार्यालय बाँकेका प्र.जि.अ. श्री मदन भुजेलको प्रमुख आथित्यता र ५ नं. प्र.प्र.का. तुल्सीपुर दाङका प्रमुख प्र.ना.म.नि. पिताम्बर अधिकारीको अध्यक्षतामा "समुदाय प्रहरी साझेदारी कार्यक्रम" अन्तर्गत प्रत्येक महिनाको १ र १५ गते पाक्षिक रुपमा प्रकाशन हुने **"लागु औषध बुलेटिन"** विमोचन कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रममा जि.प्र.का. बाँकेका प्रमुख प्र.उ. श्री अरुण पौडेल, ५ प्रदेश क्षे.स.प्र.गण खजुरा बाँकेका प्रमुख प्र.उ. श्री बिर वहादुर वली, लागु औषध नियन्त्रण ब्युरो शाखा नेपालगंजका प्रमुख प्र.नि. श्री बिर बहादुर थापा, कोहलपुर उद्योग बाणिज्य संघका अध्यक्ष चक्र बहादुर अधिकारी, कोहलपुर सामुदायिक सेवा केन्द्रका पदाधिकारी, बिभिन्न बाल क्लबहरु, संघ संस्था, पार्टी प्रतिनिधी, बिद्यालयका प्रधानाध्यापक, लागु औषध विरुद्धमा काम गर्ने संघ संस्थाहरु, पत्रकार, महिला संजालका प्रतिनिधिहरु, समाजसेवी गरी १५० जनाको उपस्थिती रहेको थियो।

मिति :- २०७६।०२।१६ गते।

**प्रवक्ता**
**(टिका बहादुर कार्की)**
**प्रहरी नायव उपरीक्षक**
**९८५७८२५२९९**


"समुदाय प्रहरी साझेदारी कार्यक्रम"
अन्तर्गत
प्रहरी कार्यालय द्वारा प्रकाशित
औषध बुलेटिन"
कार्यक्रम
-१६ गते

